आज मिति २०७५।०२।२६ गते आइतबारका दिन बिहान ०८:०० बजे लिखु गाउँपालिका, गाउँ कार्यपालिकाका अध्यक्ष श्री ध्रुब श्रेष्ठज्यूको अध्यक्षतामा देहायका पदाधिकारीज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको तेत्तीसौं बैठक बसी विभिन्न प्रस्ताव उपर छलफल गरी निर्णय गरियो ।

उपस्थित पदाधिकारी तथा महानुभावहरु

श्री ध्रुव श्रेष्ठ, अध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री रोजिना राई, उपाध्यक्ष लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री नरहरी पाण्डे, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री भिम बहादुर घले, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री दल बहादुर राई, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री भोला प्रसाद सेढाईं, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री रामकृष्ण श्रेष्ठ, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री हरिशरण लामिछाने, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री श्रृजना बागदास, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री शान्ति राई, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री इन्दिरा लोहनी, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री लक्ष्मी राई, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री इन्द्र बहादुर घर्ती, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री विष्णु बहादुर घले, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री सुरज अर्याल, प्रमुख प्रशासकीय अधिकृत, लिखु गाउँ कार्यपालिकाको कार्यालय, नुवाकोट

अन्य आमन्त्रित

श्री रामचन्द्र लामिछाने, कार्यक्रम अधिकृत, लिखु गाउँ कार्यपालिकाको कार्यालय, नुवाकोट

श्री उपेन्द्र प्याकुरेल, सूचना प्रविधि अधिकृत, लिखु गाउँ कार्यपालिकाको कार्यालय, नुवाकोट

श्री सोनु खनाल, रोजगार संयोजक, लिखु गाउँ कार्यपालिकाको कार्यालय, नुवाकोट

श्री बसन्तराज पोखेल, नायव सुब्बा, लिखु गाउँ कार्यपालिकाको कार्यालय, नुवाकोट

श्री बिनिता शर्मा, महिला विकास निरीक्षक, लिखु गाउँ कार्यपालिकाको कार्यालय, नुवाकोट

**मिति २०७६ साल जेठ २६ गते आइतबार बसेको लिखु गाउँ कार्यपालिकाका बैठकको निर्णयहरु :**

१. प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा ४४ को उपदफा (२) को खण्ड (क) बमोजिम पेश भएको लिखु गाउँपालिका क्षेत्र भित्र रहेका बेरोजगार व्यक्तिको तथ्यांक संकलन तथा विश्लेषण गरी बेरोजगार व्यक्तिको सूची गाउँ कार्यपालिकामा पेश भई स्वीकृत भयो ।

२. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कामको लागि पारिश्रमिकका लागि सशर्त अनुदान बाँडफाँडमा रु एघार लाख लिखु गाउँपालिकाको लागि बजेट प्राप्त भएको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा १० र अनुसूची १ बमोजिम देहाय बमोजिमको लागत अनुमान र साझेदारी कार्यक्रममा रु एघार लाख विनियोजन गर्ने निर्णय गरियो । श्रमिकको ज्यालामा खर्च हुने रकम कृषि सडक, खानेपानी, सिंचाई तथा पर्यटन मार्गमा खर्च गर्ने निर्णय गरियो ।

| क्र.स. | खर्च हुने विषय | लागत अनुमान र साझेदारी (रु हजारमा ) | | | कैफियत |
|---|---|---|---|---|---|
| | | प्र.म. रोजगार कार्यक्रम | स्थानीय तह | कूल जम्मा | |
| १ | बाह्य सामाग्रीको खरीद | २७१ | ० | २७१ | |
| २ | श्रमिकको ज्यालामा खर्च हुने रकम | ७७४ | ० | ७७४ | प्रत्येक वडामा रु १२९,००० का दरले |
| ३ | आयोजना व्यवस्थापन खर्च | ४४ | ० | ४४ | |
| ४ | कन्टिन्जेन्सी | ११ | ० | ११ | |
| | जम्मा | ११०० | ० | ११०० | |

३. लिखु गाउँपालिकाको अपांगता भएका व्यक्तिको परिचय पत्र वितरण सम्बन्धी कार्यविधि, २०७५ को दफा ६ तथा अपांगता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ४२ अनुसार देहाय बमोजिमको स्थानीय समन्वय समिति गठन गर्ने निर्णय गरियो ।

क) गाउँपालिकाको उपाध्यक्ष — रोजिना राई संयोजक

ख) गाउँपालिकाको महिला सदस्य मध्येबाट गाउँपालिकाले तोकेको महिला सदस्य — सञ्जु राई सदस्य

ग) गाउँपालिका भित्रका माध्यामिक विद्यालयका प्रधानाध्यापक

वा श्रोत व्यक्तिहरुमध्येबाट गाउँपालिकाको अध्यक्षले

तोकेको व्यक्ति (प्र.अ. नारायण देवी मा.वि)हरि लामिछाने सदस्य

घ) गाउँपालिका अध्यक्षले तोकेको स्थानीय स्वास्थ्य चौकी वा

अस्पतालको चिकित्सक डा. त्रिशुली अस्पताल सदस्य

ङ)स्थानीय प्रहरी कार्यालयको प्रमुख प्रमुख इलाका प्रहरी कार्यालय ढिकुरे सदस्य

च) अपांगता भएका व्यक्तिको हक, हित र संरक्षणको क्षेत्रमा स्थानीय

स्तरमा कार्यरत संघ, संस्थाहरु मध्येबाट गाउँपालिकाको अध्यक्षले मनोनित

गरेको संस्थाको प्रतिनिधि हरि कुमार श्रेष्ठ सदस्य

छ) गाउँपालिकाको उपाध्यक्षले तोकेको गाउँपालिकाको कर्मचारी म.वि.नि. / स.म.वि.नि. सदस्य

४. लिखु गाउँपालिका अन्तर्गत ठेक्का प्रक्रिया गरी काम शुरु भइ रहेको तर नेपाल सरकार बाट आर्थिक वर्ष २०७६।०७७ मा ७३ करोड ५८ लाखको ठेक्का प्रक्रियामा काउले थाना – अल्छेमोड– पिपलबोट हुँदै छहरे जोड्ने मोटरबाटो संचालन हुने भएकोले उक्त बाटोको लगत स्टिमेट अनुसारको काम शेराडिल हुँदै वडा कार्यालय जाने बाटोमा काम गर्ने निर्णय गरियो ।

५. लिखु गाउँपालिकाको केन्द्र लिखु गाउँसभाले लिखु – ०३ स्थित सिमलचौरमा तोकेकोमा सो सिमलचौरको जग्गा मालपोत कार्यालय नुवाकोटबाट प्राप्तपत्र बाट जंगल क्षेत्र जनिएकोले लिखु गाउँपालिकाको केन्द्रको जग्गा प्राप्तिको लागि आवश्यक कार्यअघि बढाउन सामाजिक विकास समितिका संयोजक एवम् लिखु गाउँपालिकाका वडा नं. ३ का वडा अध्यक्ष श्री भोला प्रसाद सेढाईलाई जिम्मेवारी तोक्ने निर्णय गरियो ।

२०७६।२।२९